# प्रदेश राजपत्र

लुम्बिनी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड १०) राप्ती उपत्यका (देउखुरी), नेपाल, भाद्र ०५ गते, २०८३ साल (अतिरिक्ताङ्क ०१

## भाग ३

## लुम्बिनी प्रदेश सरकार

## मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको

## सूचना

लुम्बिनी प्रदेश सरकार (मन्त्रिपरिषद्) को मिति २०८३।०५।०४ को निर्णयानुसार **मुख्यमन्त्री तथा मन्त्रीको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन, २०७५ को अनुसूची २ मा भएको हेरफेर** सम्बन्धी देहाय बमोजिमको सूचना सम्बन्धित सबैको जानकारीका लागि प्रकाशन गरिएको छ ।

देहायः

मुख्यमन्त्री तथा मन्त्रीको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन, २०७५ को दफा १० को उपदफा (१) सँग सम्बन्धितः

अनुसूची-२

दफा १० को उपदफा (१) सँग सम्बन्धित

मुख्यमन्त्री तथा मन्त्रीको निजी सचिवालयमा रहने कर्मचारी

| क्र.सं. | सचिवालयमा रहने कर्मचारीको विवरण | इकाइ | मुख्य मन्त्री | मन्त्री | राज्य मन्त्री | सहायक मन्त्री |
|---|---|---|---|---|---|---|
| १ | राजनीतिक सल्लाहकार (रा.प.प्रथम श्रेणी सरह) | जना | १ | ० | ० | ० |
| २ | विज्ञ (रा.प.द्वितीय सरह) | जना | १ | ० | ० | ० |
| ३ | प्रमुख स्वकीय सचिव (रा.प.द्वितीय सरह) | जना | १ | ० | ० | ० |
| ४ | स्वकीय सचिव (रा.प.तृतीय सरह) | जना | १ | १ | ० | ० |
| ५ | प्रेस संयोजक (रा.प.तृतीय सरह) | जना | १ | ० | ० | ० |
| ६ | स्वकीय सहायक (ना.सु/क.अ सरह) | जना | १ | १ | १ | १ |
| ७ | कार्यालय सहयोगी | जना | ० | १ | १ | १ |
| ८ | हलुका सवारी चालक | जना | ० | १ | १ | १ |
| | | जम्मा | ६ | ४ | ३ | ३ |

द्रष्टव्यः

१. मुख्यमन्त्रीलाई ऐनको दफा ५ को उपदफा (१) बमोजिम सवारी चालक र सवारी साधन उपलब्ध गराउने साथै आवासको लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको दरबन्दीमा कार्यरत कार्यालय सहयोगी उपलब्ध गराउने।

२. मन्त्रीको हकमा ऐ. ऐनको दफा ५ को उपदफा (१) बमोजिम उपलब्ध हुने सवारी चालकको सुविधा प्रयोग नगरेको अवस्थामा यस अनुसूची बमोजिम सवारी चालक र कार्यालय सहयोगी सम्बन्धित मन्त्रीले नियुक्त गर्न सक्नेछन तर दफा ५ बमोजिम सवारी चालक उपलब्ध भएमा दोहोरो पर्ने गरी सवारी चालकको सुविधा प्राप्त हुने छैन।

३. पदाधिकारी पदमुक्त भएमा निजी सचिवालयमा नियुक्त भएका सवारी चालक, कार्यालय सहयोगी लगायतका कर्मचारी स्वतः पदमुक्त हुनेछन्।

४. निजी सचिवालयमा रहने कर्मचारीको पारिश्रमिक शुरू तलब स्केल सरह हुनेछ।

५. एकै व्यक्ति बहुपदमा भएमा एउटा पदको मात्र सुविधा प्राप्त हुनेछ।

६. निजी सचिवालयका कर्मचारीको पारिश्रमिक सुविधा निजहरूको बैंक खातामा उपलब्ध गराइने छ।

७. निजी सचिवालयमा नियुक्ति हुने कर्मचारीको योग्यता प्रचलित कानुन बमोजिम हुनु पर्नेछ।

........................

**आज्ञाले**

वीरेन्द्र बहादुर के.सी.

कानुन सचिव

आन्तरिक मामिला, कानुन, उद्योग तथा यातायात मन्त्रालय, लुम्बिनी प्रदेश, राप्ती उपत्यका (देउखुरी), नेपालमा मुद्रित।

मूल्य रु. ५।-